२०८१ असार २१ कार्यपालिका बैठक कक्ष बैठक संख्याः १७ २०८०/ ८१

आज मिति २०८१ असार २१ गते शुक्रबारका दिन सिस्ने गाउँ कार्यपालिकाको कार्यालय, रुकुमकोट, रुकुम (पूर्व) मा सिस्ने गाउँ कार्यपालिकाका अध्यक्ष श्री कृष्ण रेग्मी ज्यूको अध्यक्षतामा बसेको सिस्ने गाउँ कार्यपालिकाको बैठकमा तपसिलको उपस्थितिमा देहायका विषयहरुमा आवश्यक छलफल गरी निर्णयहरु पारित गरियो ।

*तपसिलः*

| | | |
|---|---|---|
| | श्री कृष्ण रेग्मी | अध्यक्ष, सिस्ने गाउँ कार्यपालिका |
| | श्री गोपाल रेउले | उपाध्यक्ष, सिस्ने गाउँ कार्यपालिका |
| | श्री रेवत बहादुर बुढाथोकी | सचिव, सिस्ने गाउँ कार्यपालिका |
| | श्री रज बहादुर बुढा | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| | श्री कृष्ण बहादुर खड्का | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| | श्री हेराम खड्का | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| | श्री दलराज घर्ति | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| | श्री बिरेन्द्र बस्नेत | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| | श्री पूर्ण बहादुर मल्ल | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| | श्री शशिधर बुढा | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| | श्री गोपाल पुन | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| | श्री सूर्य बहादुर नेपाली | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| | श्री थल बहादुर सार्की | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| | श्री तिर्था पुन | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| | श्री सुपरी बुढा | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| | श्री मीना के.सी. | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| | श्री धन कुमारी बुढा खत्री | सदस्य, सिस्ने गाउँ कार्यपालिका |

*अन्य उपस्थितिः*

श्री अरुण कुमार ओली प्रशासन शाखा प्रमुख

श्री करण खड्का इन्जिनियर

कृष्ण रेग्मी
गा.पा. अध्यक्ष

Scanned with CamScanner

२०८१ असार २१  कार्यपालिका बैठक कक्ष  बैठक संख्याः १७ २०८०/ ८१

प्रस्तावहरुः

१. कार्यपालिकाको हालसम्मको कामको सभामा अनुमोदन गराउने सम्बन्धमा ।
२. कार्यालयका कागजातमा जिल्लाको नाम संशोधन सम्बन्धमा ।
३. नगर प्रहरी ड्रेस कोड सम्बन्धमा ।
४. विभिन्न कार्यालयको अर्थिङको खर्च भुक्तानी सम्बन्धमा ।
५. अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सुझाव कार्यान्वयन सम्बन्धमा ।
६. राजस्व सुधार योजना स्वीकृती सम्बन्धमा ।
७. वाल कल्याण अधिकारी को निर्णय अनुमोदन सम्बन्धमा ।
८. करार कर्मचारी म्याद थप सम्बन्धमा ।
९. अन्तिम चौमासिक सार्वजनिक सुनुवाइ सम्बन्धमा ।
१०. गरिब तथा असाहय नागरिक सामाजिक संरक्षण ऐन
११. विशेष क्षेत्र घोषणा सम्बन्धमा ।
१२. वकील (कानुन व्यवसायी ) खर्च भुक्तानी सम्बन्धमा ।
१३. विपद राहत उपलब्ध गराउने ।

*निर्णय नं. १,*

आर्थिक वर्ष २०८०/८१ का कार्यपालिकाका सम्पूर्ण कामकारबाही अनुमोदनका लागि आगामी गाउँ सभामा पेश गर्ने ।

*निर्णय नं. २,*

सिस्ने गाउँपालिकाका मातहतका कार्यालयमा प्रयोग भएको जिल्लाको नाम रुकुम (पूर्व) लेखिदै आएकोमा वास्तविक नाम रुकुम (पूर्वी भाग) भएकाले २०८१ साउन १ गते देखि जिल्लाको नाम रुकुम (पूर्वी भाग) लेख्ने ।

*निर्णय नं. ३,*

नगर प्रहरी ड्रेस कोड सिस्ने गाउँपालिका नगर प्रहरी छनौट समितिले पेश गरे अनुसार हुने ।

*निर्णय नं. ४,*

सिस्ने गाउँपालिकाका विभिन्न कार्यालयको (स्वास्थ्य कार्यालय र वडा कार्यालय) अर्थिङ जडानको खर्च विपद व्यवस्थापन कोषवाट भुक्तानी गर्ने ।

२०८१/३/२१

रेशम बहादुर बुढाथोकी
प्रमुख प्रशासकीय अधिकृत

कृष्ण रेग्मी
गा.पा. अध्यक्ष

Scanned with CamScanner

२०८१ असार २१        कार्यपालिका बैठक कक्ष        बैठक संख्या: १७  २०८०/ ८१

*निर्णय नं.५,*

अख्तियार दुरुपयोग अनुसन्धान आयोग काठमाण्डौको  च.नं. ७३५६९ पत्र संख्या म.१०/२०८०/८१ मिति २०८१/०३/१२ को पत्र मार्फत प्राप्त सुझाव कार्यान्वयन गर्ने ।

*निर्णय नं.६,*

राजस्व सुधार योजना स्वीकृती गरी अनुमोदनको लागि सभामा पेश  गर्ने ।

*निर्णय नं.७,*

बाल अधिकार संरक्षण समितिले निर्णय गरेको बाल कल्याण अधिकारी श्री मंगल सिंह बुढा लाई तोक्ने निर्णय अनुमोदन गर्ने ।

*निर्णय नं.८,*

करार कर्मचारीको कार्यसम्पादन मूल्यांकनका आधारमा म्याद थप गर्ने ।प्रशांसन शाखाले कार्यसम्पादन मूल्यांङकन फाराको ढाँचा तयार गरी प्रयोग गर्ने ।

*निर्णय नं.९,*

अन्तिम चौमासिक सार्वजनिक सुनुवाइ मिति २०८१ असार ३१ गते गाउँपालिकाको सभाहलमा विहान ११ वजे सञ्चालन गर्ने ।

*निर्णय नं.१०,*

गरिब तथा असाहय नागरिक सामाजिक संरक्षण ऐन २०८१ को ड्राफ्ट तयार गरी आगामी बैठकमा पेश गर्ने ।

*निर्णय नं.११,*

सिस्ने गाउँपालिका का वडा नं १ र २ लाई संथानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९९ उपदफा २(क) अनुसार विशेष क्षेत्र कायम गर्ने निर्णय अनुमोदनको लागि गाउँसभामा पेश गर्ने ।

*निर्णय नं.१२,*

यस गाउँपालिकाको रुकुमकोट रिङरोड ठेक्का व्यवस्थापनमा विषयमा सम्मानित  उच्च अदालतमा गाउँपालिका समेत विपक्षी भएको उत्प्रषण/परमादेश मुद्दामा लिखित जवाफ लेखि दायर गर्न, बहस पैरवी गर्न र वारेस भइ तारेख लिई आवश्यक काम गर्न दंगीशरण कानुनी सेवा केन्द्रका अधिवक्ता श्री रामशरण चौधरीलाई जिम्मा दिएकोले  नियमानुसार लाग्ने  कानुन व्यवसायी खर्च भुक्तानी गर्ने ।

२०८१/३/२१
रेन्त बहादुर बुढाथोकी
प्रमुख प्रशासकीय अधिकृत

कृष्ण रेग्मी
गा.पा. अध्यक्ष

Scanned with CamScanner

२०८१ असार २१ कार्यपालिका बैठक कक्ष

निर्णय नं.१३, बैठक संख्याः १७ २०८०/ ८१

विपद व्यवस्थापन समितिको मिति २०८१असार १९ गतेको निर्णयानुसार देहाय बमोजिमका व्यक्तिलाई तपसिल बमोजिमको राहत उपलब्ध गराउने ।

तपसिल

| क्र.स. | व्यक्तिको नाम थर | विपदको किसिम | संरचनाको विवरण | क्षतिको विवरण | राहत रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | टंक बहादुर घर्ति, सिस्ने -२ | हावाहुरी | घरको छाना | आंशिक क्षति | १०००० | |
| २ | खडानन्द बस्नेत, सिस्ने -५ | आगलागी | गोठ धनमालको क्षति | पूर्ण क्षति | १०००० | जयकुमारी बस्नेतलाई शरीरका विभिन्न अंगमा समेत पोलिएर क्षति भएको |

निर्णय प्रमाणित

२०८१।३।२१

रेवत बहादुर बुढाथोकी
प्रमुख प्रशासकीय अधिकृत

कृष्ण रेग्मी
गा.पा. अध्यक्ष